# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना,२०७९

जिल्ला विपद् व्यवस्थापन समिति, कञ्चनपुर

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

कञ्चनपुर


२०७८/२०७९

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको संक्षिप्त जानकारी

## पृष्ठभूमि

मनसुनजन्य प्रकोपहरुबाट सिर्जित विपद्का घटनाका कारण नेपालमा वर्षेनि ठूलो जनधनको क्षतिहुने गरेको छ र सो प्रकारका प्रकोपहरु बाट कंचनपुर जिल्ला समेत उच्च जोखिममा रहेको छ । यस जिल्लाको उत्तरी भूभाग चुरे पर्वत श्रृंखलामा पर्ने भएको कारणले दक्षिण तर्फको समथर भूमि भन्दा फरक अर्थात भिरालो किसिमको छ । चुरे पर्वतदेखि उत्पन्न खहरेहरुबाट अचानक आउने बाढीको कारण तराई क्षेत्र जोखिममा हुन्छ। यी नदीहरुले प्राय: आफ्नो धार परिवर्तन गर्छन् र अत्याधिक थिग्रेनी बगाएर ल्याउँछन् । ती थिग्रेनीहरु समथल भूमिमा थुप्रिए पछिनदीको बहने मार्ग र बगरको उचाइ लगातार बढ्छ। जब यी नदीहरु दक्षिण तराईतर्फ बग्छन तब डुबान, कटान र खेत बगर बन्ने तथा खेतमा बालुवा पटान हुने गर्छ। यसका अतिरिक्त उत्तर चुरे पहाडबाट दक्षिणतिर बग्ने नदीहरू र कैयौं बर्षे खोलाहरूबाट बाढी प्रकोप हुने गरेका समुदायहरूमा ठूलो मात्रामा वर्षातको समयमा बाढी आई डुबान र कटानबाट धनजनको क्षति हुने गरेको छ ।

महाकाली, दोदा, बनहरा, मछेली, स्याली, सुनवरा, जोगबुडा, खन्या खोला यस जिल्लाका प्रमुख नदी तथा खोलाको रुपमा परिचित छन । यिनै नदी तथा खोलामा आउने बाढीका कारण नदि तटिय क्षेत्रमा बसोबास गर्ने समुदायहरुले प्रत्येक बर्ष बाढीको जोखिमको सामना गरीरहनुपरेको छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण तथा मनसुन पूर्वतयारीका लागि केन्द्र, प्रदेश देखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ तथापी कञ्चनपुर जिल्लामा ९ वटै स्थानिय तहहरुमा स्थानिय विपद् व्यवस्थापन समिति गठन भई सकेको अवस्था छ । तलको चित्रमा समग्र सुदुरपस्चिम प्रदेश र कंचनपुर जिल्लामा बाढीको जोखिमको अवस्था देखाइएको छ:




विपद्को समयमा प्रभावितहरूलाई सहयोगको आवश्यकता पर्दछ त्यो आवश्यकता कुनै एक निकायबाट मात्र पुरा गर्न सकिदैन । यस सहयोगलाई अझै चुस्त दुरुस्त रूपमा लक्षित समुहसम्म पुऱ्याउन सरकारी, अर्धसरकारी, गैर सरकारी निकायहरूको आपसी समन्वय जरुरी छ । यस जिम्मेवारीलाई बाँडफाट गर्न लिखित

दस्तावेजको आवश्यकता महसुस भएको हुनाले र सरकारी तथा गैर सरकारी निकायको विशेष भूमिका बहन गराउने अभिप्रायले आपतकालीन मनसुन प्रतिकार्य योजना प्रकाशन गरिएको हो ।

नेपालमा मनसुनको समयमा बाढी, पहिरो लगायत अन्य पानी जन्य विपद्का कारण ठूलो जनधनको क्षतिहुने गरेको छ । सामान्यतया असारदेखि असोज सम्मको झण्डैं सय दिन मनसुन सक्रिय हुन्छ। मनसुनजन्य विपदबाट हुने क्षति न्यूनीकरण गर्न तीनै तहका सरकार, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, विकास साझेदार एवं निजी क्षेत्र र समुदायले एकजुटभएर काम गर्न जरुरी छ। त्यसका लागि मनसु नपूर्व तयारी तथा प्रतिकार्यकार्य योजना बनाइ तयारी अवस्थामा रहन आवश्यक भएकाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि विभिन्न ऐन, नीति नियम, रणनिती तथा कार्ययोजना जस्ता दस्तावेजहरुका मार्गदर्शन, नगर/गाउँपालिका कार्यालहरूबाट संकलित सूचनाको समेत आधारमा यस जिल्लामा वर्षायाममा हुन सक्ने बाढी र डूबानलाई दृष्टिगत गरी बाढी अगाडी अपनाइने सावधानीहरु, बाढीको समयमा गरीने खोज तथा उद्धार कार्य, राहत तथा लेखाजोखा र प्रभावितहरुलाई राहत संकलन साथै बाढी पश्चात गर्न सकिने मानविय सहयोग एवं पुनःर्निमाण र पुर्नस्थापनाको क्षेत्रमा गर्न सकिने सल्लाह सुझाव, समन्वय र सहयोगका लागि जिल्ला विपद् व्यवस्थापन समिति कञ्चनपुरले **"मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना २०७९"** तयार गरेको छ ।

विभिन्न सरोकारवाला निकायहरुसँगको छलफल, प्राविधिक विश्लेषण र विगतको अनुभवको आधारमा सम्भावित जोखिमको आंकलन गरेर त्यसको पूर्वतयारी र प्रतिकार्यको स्पष्ट कार्यविभाजन यो कार्ययोजनामा समेटिएको छ। वर्षायामलाई लक्षित गरी विषयगत क्लस्टर, सुरक्षा निकायहरु, गैरसकारी निकाय तथा निजी क्षेत्रहरु संगको सहकार्य र समन्वयमा यो कार्ययोजना तयार गरिएको हो ।यो कार्ययोजनाले बाढी, डुबान र कटानको सम्भावित क्षति कसरी कम गर्ने? आपतकालमा कुन-कुन निकाय कुन बेलामा कसरी सक्रिय हुने ? आपत्कालीन जोखिम न्यूनीकरण र पूर्वतयारी कसरी गर्ने? घटना हुनेबित्तिकै कसरी प्रतिकार्यगर्ने? जस्ता विषयगत क्षेत्रको प्रष्ट जिम्मेवारी तोकेको छ। सबै सरकारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, निजी क्षेत्र र समुदायले यस कार्ययोजनाको कार्यान्वयनमा प्रभावकारी सहकार्यगरेमा मनसुनजन्य विपदबाट हुने मानवीय र अन्य क्षति तथा नोक्सानीलाई उल्लेख्य मात्रामा कम गर्न सकिनेछ ।

## मनसुन: विपद जोखिमको अवस्था

मनसुनी वर्षा, भिरालो र कमजोर भौगोलिक बनावट लगायत कारणले नेपालमा मनसुनको समयमा बाढी, पहिरो, डुबान, कटान जस्ता पानीजन्य विपदबाट ठूलो जनधनको क्षतिहुने गरेको छ। कन्चनपुरमा पनि चुरे पहाडका फेदी र तराईमा जलाधार क्षेत्रबाट बगेर आएको बालुवा तथा गेग्रान थुप्रिनाले बस्ती र खेती योग्य जमिन नष्ट भइरहेको छ। पहाडका बेसी, भित्री मधेश तथा तराई क्षेत्रमा नदी किनारा कटान तथा डुवानको समस्या वर्षेनी बढ्दैछ। नदीका जल प्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थित प्रयोगले गर्दा यस्ता समस्या अझ जटिल बन्दैगइरहेको छ। नयाँ निर्माण तथा स्तरोन्नति गरिएका अग्ला सडक, अव्यवस्थित बसोबास, पानी निकासको अतिक्रमण र नहर प्रणाली लगायत संरचनाले पनि तराईका बस्ती र खेतबारी धेरै जोखिममा पर्ने गर्छन् । यस्ता संरचनाले गाउँ बस्तीमा बाढी (Floods), डुबान (Inundation), कटान (Bank Cutting), पटान (Sand Deposition) को जोखिम उच्च बनाइदिएको छ। बाढी र डुबानकै बेला पानीजन्य रोगले कतिपय गाउँ बस्तीहरुलाई आक्रान्त पार्छ। वर्षायाम सँगै मलेरिया, डेङ्गु, कालाजार, इन्सेफलाइटिस, कमलपित्त, झाडापखाला जस्ता संक्रमणको जोखिम पनि उच्च हुन्छ। यही बेला सर्पदंशको घटना पनि बढ्छ।


पछिल्लो एक दशकमा देशभर बाढीले ७९४ जनाको ज्यान लिएको छ भने ५१४ जना मानिस बेपत्ता भएका छन् । यस हिसाबले बाढीले वर्षेनी सरदर १३० जनाको ज्यान लिने गरेको देखिन्छ । बाढीले वर्षेनी सय भन्दा बढीलाई घाइते बनाउने

गरेको छ। घर, गोठ, खेतबारी र अन्य भौतिक संरचनामा बाढीले वर्षेनी औसतमा १ अर्ब८५ करोड रुपैयाँ भन्दा धेरैको क्षति पुर्याउने गरेको देखिएको छ। गत वर्षको मनसुन अवधिमा बाढी, पहिरो र अविरल वर्षाको कारण १३६ जनाको मृत्यु तथा ४० जना बेपत्ता भएको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकमा उल्लेख छ।

नेपालमा वार्षिक रुपमा औषत रुपमा १५०० मिलिमिटर पानी पर्दछ र त्यसको झन्डै ८०% पानी मनसुनको ३ महिनाको अन्तरालमा पर्दछ। यसरि छोटो समयमा ठुलो मात्रामा पानी पर्दा यसले बाढी, पहिरो, डुबान तथा कटान जस्ता विपदहरु निम्त्याउछ। यस वर्ष मनसुनी प्रणाली जेठ २७ गते नेपाल भित्रिने र असोजको १४ गते सम्म सक्रिय रहने अनुमान गरिएको छ। यसका साथै यस वर्ष सुदुरपस्चिम प्रदेशको मध्य तथा पश्चिमी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत सम्म रहेको छ भने सुदुरपस्चिम प्रदेशको उत्तरी भूभागहरुमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत सम्म रहेको जल तथा मौसम विज्ञान विभागले प्रक्षेपण गरेको छ।

तलको चित्रमा विगत १० वर्षको नेपालमा मनसुनको (आगमन, उत्कर्ष र अन्त्य) स्थिति देखाइएको छ:

नेपालमा मनसुनको स्थिति:
मनसुनको सुरुवात, उच्च र अन्त्य भएको मिति




श्रोत: जल तथा मौसम विज्ञान विभाग

कञ्चनपुर जिल्लामा करिब २०१९ साल देखि नियमित रुपमा बाढीको समस्या झैल्दै आइरहेका छन। भने २०२८ साल देखि नियमित रुपमा डुवान को समस्याबाट गृसित छन भने २०४० साल देखि नियमित रुपमा कटानको पनि समस्या थपिएको छ। डुवान कटान पटान बाट यस जिल्लामा मानविय ,आर्थिक ,समाजिक तथा कृषी क्षेत्रमा ठुलो क्षती हुदै आईरहेको छ। सन १९२८ मा शारदा व्यारेज

निर्माण गरि पानी मापन यन्त्र राखिएको हो पश्चात सन् १९६६ मा ४ लाख ३७ हजार क्युसेक पानीको बहाव मापन गरिएको थियो भने सन् १९६९ मा ४ लाख ८० हजार ५९६ क्युसेक पानीको बहाव मापन गरिएको हो । त्यसै गरि सन् १९७२ मा ४ लाख ९६ हजार १०० क्युसेक पानीको बहाव मापन गरिएको थियो । सन् २००८ मा ४ लाख ६१ हजार ७८८ क्युसेक पानीको बहाव मापन गरिएको छ । सन् २०१३ मा ५ लाख ४४ हजार ४७६ क्युसेक पानीको बहाव मापन गरिएको छ । सन् २०२१ अक्टोबर १९ तारिख अर्थात २०७८ कात्तिक २ गतेको मापन गएको एक शताब्दी कै उच्च मापन हो । यो दिन महाकाली नदीमा ५ लाख ४७ हजार २ सय २४ क्युसेक पानीको बहाव मापन गरिएको छ ।

**मनसुनपूर्व तयारी तथा प्रतिकार्ययोजना निर्माणका उद्धेश्यहरु:**

- ✓ मनसुनजन्य प्रकोपका सम्भावित घटनाहरु पहिचान तथा आवश्यक तयारी गरी मानवीय, भौतिक तथा आर्थिक क्षतिको न्यूनीकरण गर्ने ।
- ✓ निकायगत जिम्मेवारी प्रष्ट पारी तत्काल राहत, उद्दार र व्यवस्थापन गर्ने ।
- ✓ जोखिम स्थानहरुमा मानवीय बस्ती बसाउन नियन्त्रण गर्ने ।
- ✓ जोखिम स्थानमा बाँध निर्माण तथा नदी नियन्त्रणका संरचनाहरु निर्माण गर्ने ।
- ✓ विपद् व्यवस्थापनमा संग्लन निकायको संस्थागत सुदृढीकरण गर्ने ।
- ✓ आवश्यक जनशक्ति, सामग्री र उपकरणहरु तयारी अवस्थामा राखी शीघ्र उद्दार तथा पुनस्थापना गर्ने

# मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना, २०७९

| क.सं. | निकायको नाम | जिम्मेवार पदाधिकारी | कार्य विवरण |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने ।<br>▪ आवश्यकता अनुसार स्थानिय तह, प्रदेश तथा केन्द्रिय स्तरमा समन्वय (मानवीय, आर्थिक, भौतिककोलागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>▪ आवास तथा पुनःस्थापना कार्य गर्ने<br>▪ स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने |
| ३ | स्थानीय तहहरु | नगरप्रमुख / अध्यक्ष | ▪ नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने ।<br>▪ विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने<br>▪ आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक को लागि समन्वय)<br>▪ तथ्यांक व्यवस्थापन<br>▪ स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने |
| ३ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | ▪ मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धारकार्य गर्ने ।<br>▪ सुरक्षा व्यवस्था गर्ने<br>▪ विषयगत समितिमा रहि सहयोग गर्ने |
| ४ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ▪ समन्वय<br>▪ स्रोत संकलनमा सहयोग<br>▪ जनपरिचालन गर्ने |
| ५ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र / स्थानिय आपतकालिन कार्य सञ्चालन केन्द्र | सुचना व्यवस्थापन अधिकृत | ▪ सूचना संकलन, समन्वय, संप्रेशन<br>▪ तथ्यांक व्यवस्थापन<br>▪ विषयगत तथा स्थानिय तहसग समन्वय |
| ६ | जिल्ला अगुवा सहयोगी संस्था (**DLSA**) | स्रोत केन्द्र प्रमुख | ▪ राष्ट्रिय / अन्तराष्ट्रिय गैरसरकारी संघ / संस्था तथा सरोकारवालासंग समन्वय र सहकार्य गर्ने ।<br>▪ स्रोतको खोजी गर्ने । |
| ७ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ खाद्य, गैर खाद्यसामाग्री तथा अस्थाई आवास व्यवस्थापन<br>▪ आपतकालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने |
| ८ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ▪ विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने<br>▪ सम्बन्धित कार्यालयको आपतकालिन योजना निर्माण गर्ने |
| ९ | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | ▪ सुख्खा तथा तयारी खाना RTE जस्तै: चिउरा, भुजा, |

| क.सं. | निकायको नाम | जिम्मेवार पदाधिकारी | कार्य विवरण |
|---|---|---|---|
| | | | बिस्कुट आदि, खाद्यसामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| १० | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| ११ | संचार माध्यम | नेपाल पत्रकार महासंघ | ▪ तथ्य र प्रभावकारी सूचना संकलन तथा सम्प्रेषण |
| १२ | नागरिक समाज | संयोजक | ▪ राहत तथा उद्धार कार्यमा सहयोग तथा समन्वय<br>▪ मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| १३ | पेशागत व्यवसायी समितिहरु | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १४ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ मानवस्रोत परिचालन गर्ने<br>▪ गै.स.स. बीच समन्वय<br>▪ क्षमता विकास तथा सहजिकरण कार्य गर्ने |

**प्राथमिकता प्राप्त पूर्वतयारीका क्रियाकलापहरु**

| क.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|
| १. | जलमापन केन्द्रहरुको सम्पर्क व्यक्तिहरुको नाम र फोन नम्बर अद्यावधिक गर्ने । | DEOC, जिल्ला प्रशासन कार्यालय, महाकाली फिल्ड बेसिन कार्यालय | मनसुन पूर्व |
| २. | बाढी प्रभावित समुदायहरुलाई सूचना गर्न सम्पर्क व्यक्तिहरुको नाम र फोन नम्बर सङ्कलन गर्ने । | DEOC, जिल्ला प्रशासन कार्यालय, महाकाली फिल्ड बेसिन कार्यालय | मनसुन पूर्व |
| ३. | रेडियो एफ एम स्टेसनको फोन नम्बर र सम्पर्क व्यक्तिहरुको नामावली सूचि तयार गर्ने र वितरण गर्ने । | DEOC, जिल्ला प्रशासन कार्यालय, महाकाली फिल्ड बेसिन कार्यालय | मनसून पूर्व |
| ४. | जिल्ला प्रसाशन कार्यालय, नगरपालिका तथा गाउँपालिका, जिल्ला समन्वय समिति, सुरक्षा निकायहरु, रेडक्रसमा सूचना सम्पर्क व्यक्ति पहिचान गर्ने । | DEOC | मनसुन पूर्व |
| ५. | प्रत्येक नगरपालिका तथा गाउँपालिकामा सूचना सम्पर्क व्यक्तिहरुलाई अभिमुखिकरण गर्ने र जलमापकहरुको फोन नम्बरहरु उपलब्ध गराउने | स्थानीय तह, रेडक्रस NNSWA NEEDS NEPAL लगायतका संस्था | मनसून पूर्व |
| ६. | सञ्चारकर्मीहरुलाई www.hydrology.gov.np, mfd.gov.np www.drrportal.gov.np काबारे जानकारी गराउने । | DEOC, जिल्ला प्रशासन कार्यालय, महाकाली फिल्ड बेसिन कार्यालय | मनसुन पूर्व |
| ७ | बाढीका बेला नियमित रुपमा सुचना प्राप्त गर्न सकिने जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रको फोन नम्बर ०९९५२५२४५ को प्रचार गर्ने । | DEOC, जिल्ला प्रशासन कार्यालय, महाकाली फिल्ड बेसिन कार्यालय | मनसुन पूर्व |

## मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा जिम्मेवारी तथा भूमिका

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ | कहिले |
|---|---|---|---|---|
| १ | राहत सामाग्री भण्डारण | नगरपालिका तथा गाउँपालिकाहरु उद्योग वाणिज्य संघ खाद्य संस्थान डिपो मार्फत तयारी खाना व्यवस्थापन,त्रिपाल लगायत अन्य लत्ता कपडाहरु, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा | जेष्ठ १५ भित्र |
| २ | खोज तथा उद्धार कार्य | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाइटी | जिल्ला भरी | बाढी तथा डुबान हुँदा |
| ३ | बिस्तृत तथ्याक संकलन | स्थानीय निकाय, नेपाल प्रहरी , नेपाल रेडक्रस | प्रभावित | बाढी तथा डुबान |

| | | | | |
|---|---|---|---|---|
| | तथा अभिलेखिकरण ( महिला पुरुष, अपांगता, एकल महिला, गर्भवति, सुत्केरी आदी ) | सोसाइटी तथा जिल्ला आपतकालिन कार्य संचालन केन्द्र तथा बिषयगत निकायहरु । | क्षेत्रहरुमा | हुदा २४ घण्टा भित्र IRA गर्ने |
| ४ | राहत वितरण (लैगिक मैत्री तथा सामाजिक समावेशीकरण) | जिल्ला विपद व्यवस्थापन समिति जिल्ला प्रशासन कार्यालय,स्थानीय विपद जोखिम व्यवस्थापन समिति सुरक्षाकर्मी,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा/उपशाखाहरु, उद्योग वाणिज्य संघहरु, गैरसरकारी संस्थाहरु । | प्रभावित क्षेत्रमा | बाढी तथा डुवान भएको २४ घण्टा भित्र |
| ५ | एम्बुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समितिहरु | जिल्ला भरी | बाढी तथा डुवान हुने वितिकै |
| ६ | स्वास्थ्य शिविर | महाकाली अस्पताल, स्थानीय तह अन्तर्गतका स्वास्थ्य इकाइहरु र अन्य सेवा प्रदायक संघसंस्था | प्रभावित क्षेत्रमा | प्रभावित क्षेत्रमा एक साता भित्र |
| ७ | सडक यातायात संचालन सुधार तथा यातायात उपलब्ध | महाकाली सिचाइ डिभिजन कार्यालय, सडक डिभिजन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह | जिल्ला भरी | बाढी तथा डुवान बाट पानीको सतह घट्ने वित्तिकै |
| ८ | विपद् सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, महाकाली फिल्ड वेसीन कार्यालय । | जिल्ला भर | बाढी तथा डुवान को पुर्व सुचना प्राप्त हुँना साथ बाढी तथा डुवान को प्रभाव नसकि दासम्म निरन्तर |
| ९ | सिमुलेसन | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, DLSA नेपाल रेडक्रस सोसाइटी, अन्य संघ सस्थाहरु । | स्थानीय तह देखि जिल्ला तहसम्म | जेष्ठ महिनाभित्र |
| १० | शान्ति सुरक्षा | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल । | जिल्ला भर | विपद् अवधिभर |
| ११ | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र । | जिल्ला भर | निरन्तर |
| १२ | अस्थायी शिविर निर्माण तथा सञ्चालन | शहरी विकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाई, नेपाल रेडक्रस सोसाइटी तथा संघ सस्थाहरु | | बाढी तथा डूवान लगतै |

## नदी खोलाबाट प्रभावित क्षेत्र:

| क्र.सं. | नदी | प्रभावित नपा/गाविस | बस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| १ | जोगबुडा | दोधारा चाँदनी नपा | वडा ३ र ४ | • अत्यधिक रुपमा कटान<br>• आंशिक डुबान |
| | | दोधारा चाँदनी न पा | माहाकाली नपा वडा ६ पुरानो बस्ती, वडा ७ कन्जभोज, वडा ९ दानुटोल, वडा ८ जरखाटोल, धामिटो, सुन्दरनगर, टिपिनटोल बासिघाडी, वडा १० खड्काटोल आमभोज, गिरीटोल, वडा १० कुतियाकवर, सुर्खेनी टोल | |
| २ | माहाकाली | दोधारा चाँदनी न पा | वडा १ स्याउलेबजार, वडा ४ झोलुंगे पुल, वडा २ मायापुरी | • अत्यधिक रुपमा कटान |

| क.सं. | नदी | प्रभावित नपा/गाबिस | बस्ती | असर क्षेत्र |
| --- | --- | --- | --- | --- |
| | | दोधारा चाँदनी न.पा | वडा ६ गुरुङ टोल, बादी टोल, वडा ७ जगलाट, संसारीमाई टोल, वडा १ ढकना घाट, माता टोल, वडा ५ कतियाकवर | |
| | | भी.न.पा. | वडा ११ भुजेला, वडा १२ ऐंगी, ओदाली, वडा १३ बडैपुर, पिपरैया, वडा १० जिमुवा श्रीलंका टोल, वडा ९ ब्रह्मदेव | |
| | | दक्षिण क्षेत्रका गा.पा. तथा न.पा. | बेलडाडी गा.पा., बेलौरी न.पा. र पुनर्वासको दक्षिणी क्षेत्रमा भारतिय सीमा क्षेत्रबाट पानी भरिएर आउने र अन्य नदीको बहाव अवरुद्ध भई डुबान हुने । | • डुबान |
| ३ | चौधर | बेदकोट न.पा.दैजी | ३, ४, ५ र १० | • अत्यधिक कटान |
| | | बेदकोट न.पा. सुडा | ६, ७ र १० | • अत्यधिक कटान |
| | | बेलडाडी गा.पा. | वडा ४ बैवाह, वडा ३ बैवाह, वडा ३ खैरीघाट, वडा १ रतनपुर, वडा २ ढकनीया, वडा २ चवन्नी खल्ला | • डुबान |
| | | बेलडाडी गा.पा. | वडा ४ बाह्जाला, भुडा, वडा २ कानपुर, वडा २ बीचपुरी, वडा ३ भट्टेघाट, वडा १ गौडी, वडा ५ ईमिलिया, वडा ५ भिलमिला, वडा ५ भिलमिला | • डुबान |
| ४ | राधा | बेदकोट न.पा.दैजी | १ | • अत्यधिक कटान |
| ५ | स्याली | शुक्लाफाँटा न.पा | ८, ९ सिमलफाँटा, कसरौल, जुडा, सिसैया | • अत्यधिक कटान |
| | | शुक्लाफाँटा न.पा | वडा ५ | • अत्यधिक कटान |
| ६ | गौडी | शुक्लाफाँटा न.पा. | वडा ८ र ९ | • अत्यधिक कटान |
| ७ | सुनवरा | शुक्लाफाँटा न.पा | टाँटी फुलेली, पारीफाँटा, नौखुरी, अमरपुर, कलुवापुर, झलारी बजार । | • अत्यधिक कटान |
| | | शुक्लाफाँटा न.पा | गुलरपट्टी, बैशाखा शिविर, जोनापुर, ढकनिया, आसापुर | • अत्यधिक कटान<br>• आंशिक डुबान |
| | | शुक्लाफाँटा न.पा.<br>लालझाडीगा.पा. | कालागौडी, जाईजाला, जाई (दोदा नदीमा मिसिने) | • अत्यधिक कटान<br>• आंशिक डुबान |
| ८ | बनारा | कृष्णपुर न.पा. | खल्लागोठ, गुन्यालफाँटा, बनरा मुक्त कमैया शिविर | • अत्यधिक कटान |
| | | शुक्लाफाँटा न.पा र लालझाडी गा.पा. | कटान, तिल्कीपट्टी | • अत्यधिक कटान |
| ९ | बण्ड | कृष्णपुर न.पा. | दोमिल्ला | • अत्यधिक कटान |
| १० | दोदा | शुक्लाफाँटा न.पा. तथा लालझाडी गा.पा. | कटान, तिल्कीपट्टी, चित्रपुर, जाईजाला | • अत्यधिक कटान<br>• डुबान |

| क.सं. | नदी | प्रभावित नपा/गाविस | बस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| | | लालझाडी गा.पा. | १ देखि ६ वडा | • अत्यधिक कटान-डुबान |
| | | बेलौरी न.पा. | वडा ५ उदयपुर, सोभाता, रामनगर, सुदर्शनपुर, वडा ५ झकुण्डा, वडा ६,७ | • अत्यधिक डुबान-कटान |
| | | बेलौरी न.पा. | श्रीपुर भएर न.पा. क्षेत्रमा पस्ने | • अत्यधिक डुबान |
| | | पुनर्वास न.पा. | सबै वडाहरू | • अत्यधिक कटान<br>• आंशिक डुबान |
| ११ | मछेली | कृष्णपुर न.पा. | बेलकुण्डी, बाणी शिविर, | • अत्यधिक कटान<br>• आंशिक डुबान |
| १२ | मोहना | कृष्णपुर न.पा | दयाअमरपुर, मौरीफांटा | • कटान, डुबान |
| | | कृष्णपुर न.पा | वार्ड ७, ८, ९ रैकवार | • कटान, डुबान |

## बाढीबाट प्रभावित हुन सक्ने पूर्वानुमान गरिएको घरधुरी र परिवार संख्या

| क.स. | स्थानिय तह | अनुमानित जनसख्या | जम्मा घरधुरी |
|---|---|---|---|
| १ | भीमदत्त नगरपालिका | १८०१३ | ११८२५ |
| २ | दोधारा चाँदनी नगरपालिका | २३३३ | |
| ३ | बेदकोट नगरपालिका | ९४४७ | |
| ४ | शुक्लाफाटा नगरपालिका | ७७१३ | |
| ५ | कृष्णपुर नगरपालिका | ९०९० | |
| ६ | पुनर्वास नगरपालिका | ३९२९ | |
| ७ | बेलौरी नगरपालिका | ८०१७ | |
| ८ | लालझाडी गाऊपालिका | ४१९३ | |
| ९ | बेलडांडी गाउपालिका | ६३०० | |
| जम्मा जनसख्या ६५०३५ जना | | | |

## गा.पा./न.पा.स्तरीय सम्भावित जोखिम क्षेत्रहरू र पहिचान गरिएका आश्रयस्थलहरू

| गा.पा./न.पा. | वडा | सम्भावित जोखिम क्षेत्रहरू | जोखिममा परेकाहरूको लागि सुरक्षित स्थानहरू (आश्रयस्थल) |
|---|---|---|---|
| १ दोधारा चाँदनी न.पा. | ७ | कञ्जभोज, बाबाथान र मुसिकोटे टापु | राष्ट्रिय नि.मा.बि, कञ्जभोज, लक्ष्मी उ.मा.बि, बाबाथान |
| | ६ | पत्थरनाला, जनकल्याण सामुदायिक बन | लक्ष्मी उ.मा.बि, बाबाथान र भानु क्याम्पस |
| | ६ | गुरुङ्ग टोल, बादी टोल | कमलशा प्रा.बि. नयाँ गाउं र भानु क्याम्पस |
| | ७ | जगलाठ, मसारीमाइं सामुदायिक बन | पुर्णागिरी प्रा.बि., जगलाठ |
| | ८ | जर्घा टोल, धामी टोल, गौरी टोल, सुन्दरनगर, टिपीन टोल। बासधाडी। | जनज्योती नि.मा.बि., देउरालीघाट, भैरब प्रा.वि. सुन्दरनगर |
| | ९ | सिर्जना प्रा.बि. क्षेत्र (ढकनाघाट) र दानु टोल | सिर्जना प्रा.वि., ढकनाघाट |
| | ९ | महाकाली किनार (ढकनाघाट), माता टोल | अम्बिका मा.बि. आम्भोज र नवयुग प्रा.वि. ढकनाघाट |
| | १० | शान्ति टोल, गिरी टोल, १८ नं. पिल्लर निशानी टोल, ट्वालट्वाल टोल | अम्बिका मा.बि. आम्भोज र नवयुग प्रा.वि. ढकनाघाट |
| | १० | कुतियाकबर, बैतिफाट, सुर्खेती टोल (महाकाली र जोगबुढा नदी दोभान), महाकाली टोल (प्रधान टोल) | ओमकार प्रा.बि. आम्भोज (बैतीफाट नजिक) र अमम्बिका मा.बि. आम्भोज |
| | ३ | पूर्णागिरी, नयाबस्ती, बडवाल टोल, भैरब टोल | पुर्णागिरी मन्दिर नजिक, श्री गणेश प्राबि भवन नजिक |
| | २ | पटराघाडी, जामुनघाडी | जमुना प्राबि भवन, शंकर निमाबि भवन |
| | २ | मायापुरी | मायापुरी सा.ब.उ.स.कार्यालय |
| | १ | स्याउले बजार | पशुपति प्राबि भवन |
| | ४ | झोलुगे पुल | मालिका प्राबि भवन |
| | ५ | ईन्द्रवन नजिक | महामाया प्राबि नजिक |
| २. पुनर्वास न.पा. | १ | दशरथ बस्ती सिन्डी ११६ परिवार जोखिममा | अग्नी प्राबि |
| | २ | दशरथ बस्ती १७२ परिवार | अग्नी प्राबि |
| | ६ | अशुवर्मा बस्ती १५४ परिवार | मालिका प्राबि |
| | ७ | अमरैया र पुरैना २१८ | एशवर्य प्राबि |
| | ८ | पुरैना र शिवबस्ती २०७ | रामवृद्ध मा.वि. |
| | ९ | गणेश बस्ती २५७ | सरस्वती प्राबि ढक्का |
| ३.बेलडाँडी गा.पा | १-३ | बेलडाडी गा.पा.को वडा नं. १ देखि ३ सम्म चौधर नदीको बाढीबाट क्षति हुन<br>बैबाहा, खैरघाट, चौबन्नी, रतनपुर ढकनीया | बेलडाडी गा.पा. वडा नं. २, ३ र ४ को बिचमा पर्ने करीब ७२ बिगाहमा फैलिएको ग्रिनबेल्ट सुरक्षित स्थल रहेको। |
| | | वडा नं. ५ झरनाखोलाले तीव्र रुपमा जमीन कटान गरी रहने। कटानको समस्या भएकोले बाधको निर्माण गर्नुपर्ने। | अव्यवस्थित शाखा नहर र ढल निकासको अभावले गर्दा बस्तीहरू डुबानमा पर्ने गरेको। चौधर नदीलाई पुरानै ठाउँमा फर्काउने। |
| | | अव्यवस्थित शाखा नहर र ढल निकासको अभावले गर्दा बस्तीहरू डुबानमा पर्ने गरेको (चौधर नदीलाई पुरानै ठाउँमा फर्काउने) | नहरको किनारा स्वास्थ्य चौकी |
| | ३-५ | इमलीया, झिलमिला, राधापुर का बासिन्दा डुबानमा पर्ने भएको | बेलडाडी गा.पा.को कालीकिच क्षेत्रमा नहर डील, चौबन्नी बजार |
| | २ | बर्षातको पानीले डुबान हुने गरेको | निकासको व्यवस्था हुनु पर्ने |
| ४.शुक्लाफाँटा न.पा. | ६-१० | सिमलफाटा, कसरौल, जुडा, जेल, शान्तिपुर, टोटी, फुलेली, सिसैया, अमरपुर, पारीफाटा, कलुवापुर, लालबनिया, झलारी बजार | बैजनाथ मा.वि., कसरोल ३ कोठा<br>भवानी प्रा.वि., जुडा २ कोठा<br>कृष्ण नि.मा.वि., सिमलफाटा ३ कोठा<br>धर्म जनता मा.वि., स्टेसनपुर ३ कोठा<br>श्रीग्राम मा.वि., सिसैया ३ कोठा<br>कृष्ण उच्च मा.वि., झलारी ४ कोठा |

| गा.पा./न.पा. | वडा | सम्भावित जोखिम क्षेत्रहरू | जोखिममा परेकाहरूको लागि सुरक्षित स्थानहरू (आश्रयस्थल) |
|---|---|---|---|
| | | | त्रिमूर्ति प्रा.वि., टोटी २ कोठा<br>जनभावना प्रा.वि., नौखरी ३ कोठा<br>सरस्वती मा.वि., अमरपुर ३ कोठा<br>भीम आदर्श प्रा.वि., कलुवापुर ३ कोठा |
| ५.कृष्णपुर न.पा. | | वडा नं. ३ सिकलपट्टी, पर्सीया, चाददेउ, तिलकपट्टी, दुवाहा, कालागौडी, बसन्तपुर, भुली (१७२ विस्थापित परिवार) वडवैका घाट, | श्री नन्द मा.वि., देखतभुली<br>श्री बैजनाथ नि.मा.वि.,डाडा जाइं |
| ६. शुक्लाफांटा न.पा. | | वडा नं. १२, डाडा जाइं, आन्धाजाला शिविर, दमलपट्टी, र वडा नं. ४ जाइं मुक्त कमैया शिविर | |
| ७ बेलौरी न.पा. | ५ | उदयपुर, रामनगर, सुदर्शनपुर र स्यालीकिनार टोल | जननमूना नि. मा. वि. रामनगर |
| | ४ | भकुण्डा | बागेश्वरी नि.मा. वि. बन्तरिया |
| | ६ | खोप्यापुरा | कृष्ण नि.मा.वि. |
| | ६ | स्याली टोल | गणेश नि.मा.वि गणेशपुर |
| | ७ | खप्पीकिनार बस्ती, स्याली टोली | |
| | ६ | बैसाखा, भुराकोट टोल | दुर्गा प्रा. वि. भुराकोट |
| | २ | टेड्वा बस्ती १२६ | जन सेवा प्रा.वि. टेड्वा |
| | २ | बैजु बस्ती ५० | जन सेवा प्रा.वि. टेड्वा |
| | २ | चारघरुवा ५७ | बि.पी. स्मृती प्रा.वि |
| | २ | कटान २८ | वि.पी. स्मृती प्रा.वि. |
| | १ | मोतीपुर ५९ | गौरीशकर प्रा.वि. |
| | १ | गोकुलपुर ९० | गा.वि.स. भवन र लक्ष्मी उ.मा.वि. भवन |
| | १ | खैरानी रानीपुर, दिनापुर १४ बिघा, देहरादुन १४८ | जनप्रिय प्रा.वि. दिनापुर |
| | २ | खोप्यापुर, मोतीपुर ५० | गा.वि.स. भवन |
| | ३ | खिरिया ३० | पुष्पलाल स्मृति भवन |
| ८. लालझाडी गा.पा. | २ | कञ्ज, कसवा | लालझाडी जंगल किनार |
| | ३ | नन्दगाउं | लालझाडी जंगल किनार |
| | ३-४ | डुगा र पसिया | जननमूना नि.माबि. र रामनगर,श्रीपुर आसपासको जंगल क्षेत्र |
| ९. बेदकोट | | राजमार्गदेखि हजारासम्म कन्कट्टी नदी किनारा महुलिया टोल सुडा २ हजारादेखि बसन्तपुर वा. नं २ सीमानासम्म कन्कट्टी नदी किनारा बसन्तपुर, हजारा टोल सुडा ९. | घटाल उ.मा.वि. भवन |
| | | हजारादेखि बसन्तपुर वा. नं २ सीमानासम्म कन्कट्टी नदी किनारा बसन्तपुर, हजारा टोल सुडा १० | घटाल उ.मा.वि. भवन |
| | | सुडा बसन्तपुर सिमानादेखि सुडा, क्षेत्रीय तालिम केन्द्र पश्चिम हुदै भि.न.पा जोडने पक्की पुलदेखि दक्षिण सुडा सीमानासम्म सुडा ७ सुन्दरपुर ३५ | उदयदेव मा.वि. भवन |
| | | महेन्द्रराजमार्गदेखि दक्षिण हरपाल हुदै नयाँगाउं आरक्षसम्म चौधर नदी किनारा हरपाल र नयाँगाउं टोल सुडाको सीमानासम्म सुडा ७ सुन्दरपुर २३ | नवदुर्गा नि.मा.वि. भवन सुडा र साझा गोदाम घर सुडा ६ |
| | | महेन्द्रराजमार्गदेखि दक्षिण हरपाल हुदै नयाँगाउं आरक्षसम्म चौधर नदी किनारा हरपाल र नयाँगाउं टोल सुडा ४८ | जनता नि.मा.वि. भवन |
| | | गाउजी त्रिसुले मुसेपानी चुनेपालनीदेखि गाउजी मुसेपानी नदी किनारा क्षेत्र गाउजी चौखुट्टी घुर्सुवासम्म सुडा | सिद्धनाथ नि.मा.वि. भवन |
| | | मुसेपानी र घुर्सुवा नदी किनारा क्षेत्र मुसेपानी घुर्सुवा टोल सुडा | बैजनाथ कक.मा.वि. भवन |

| गा.पा./न.पा. | वडा | सम्भावित जोखिम क्षेत्रहरू | जोखिममा परेकाहरूको लागि सुरक्षित स्थानहरू (आश्रयस्थल) |
|---|---|---|---|
| | | गैलनदी किनारा क्षेत्र सुडाढ गैलनदी टोल १४ | बैजनाथ मा.बि. भवन |
| | | साकींपार्की बनोडा, धरमपुर पोलखरि, बगुन, चम्पापुर, बसन्तथला, जडेपानी, रडाह, पिपलथला | नजिक रहेका बिद्यालयहरू, घटाल मन्दिर क्षेत्र आदि |
| १३ पुनर्बास | ८ | खल्लापारी, उउडरी, सालधारी, गौडी र बिचफाटा ३९३ | राष्ट्रिय मा.बि.,बिचफाँटा वडा ६ बाट ८ मा पर्ने भिरालो नजिक जगलमा, जिवन शक्ति प्रा.बि. र सितावस्ती |
| | ७ | खल्लापारी, बिचफाँटा, धर्नासिगा र खड्डा ४२८ | राष्ट्रियमा.बि.,बिचफाँटा वडा ६बाट ८ मा पर्ने भिरालो नजिक जगलमा, जिवन शक्ति प्रा.बि. र सितावस्ती |
| | २ | पराशन १८९ | राष्ट्रिय प्रा.बि. पराशन |
| | ५ | सितावस्ती २०० | राष्ट्रिय प्रा.बि. पराशन |
| | ६ | सितावस्ती १५० | राष्ट्रिय प्रा.बि. पराशन |
| | ९ | मोतिया, खड्डाककड २०५ | राष्ट्रिय प्रा.बि. पराशन |
| | १ | बिनापारी १९० | दुर्गा प्रा.बि. बिनापारी |
| | २ | बिचवा ११० | नवोदय प्रा.बि. |
| | ३ | खल्ला बिचवा ८७ | शारदा नि.मा.बि. |
| | ४ | नौरंगा १७२ | शारदा नि.मा.बि. |
| | ५ | बिकास बस्ती १४९ | अलकार प्रा.बि. |
| | ९ | अमरबस्ती, रामजानकि टोल र चौकी डांडा १४९ | अमर सामुदायिक बन, समिति |
| १४ कृष्णपुर | १ | दोमिल्ला ५०० परिवार | राष्ट्रिय उ.मा.बि. |
| | २ | बनरा मुक्त कमैया सिविर, भेटघाट फाट, गुनयाला फाँट बखलफाँटा | उदय मा.वि.बंक |
| | २ | खल्लागोठ बाणी मुक्तकमैया शिबिर गडबिजला १२०० परिवार | सरस्वती मा.वि.बाणी |
| | ४ | बेलकुण्डी शिविर ४०० परिवार | सालझाडी जगल |
| | ४ | दया अमरपुर मुक्त कमैया शिविर ५००परिवार | श्री कृष्ण उच्च मा.वि. |
| | ८ | तुलतुले टोल मौरीफाँटा ४०० परिवार | सरस्वती मा.वि.मौरीफाँटा |
| | ६ | सुकुमवासी खल्ला टोल ३०० परिवार | सयपत्रि नि.मा.वि. पटेला पटी |
| १५ पुनर्बास | ६ | सिमरी १६३ | चन्द्र बाल प्रावि |
| | ८ | रातोताल ३१ | गौरीशकर मा.वि. |
| १६ बेलौरी | १० | बण्डाजाला ७५घरपरिवा | भगवानपुर मा.वि. भुडा |
| | ८ | सबै बडा २०० परिवार | वडा न.९ बन समितिको खल्ला चौर |
| १७ बेलौरी | ५ | उदयपुर, रामनगर, शुदर्शनपुरी स्याली किनार टोल | जन नमुना निमावि राम नगर |
| | ५ | भकुण्डा | बागेश्वरी नि.मा.वि. बनतरिया |
| | ६ | खोप्यापुरा | कृष्ण नि.मा.वि. रिछ्राह |
| | ६ | स्याली टोल | गणेश नि.मा.वि गणेशपुर |
| | ७ | खपटी किनारा बस्ती स्याली टोल | गणेश नि.मा.वि गणेशपुर |
| | ६ | बैसाखा भुराकोट टोल | दुर्गा प्रा.वि. भुराकोट |
| १८ कृष्णपुर | ७-९ | कटानबाट सम्भावित ८५ परिवार | शान्ति नि.मा.वि., राष्ट्रिय मा.वि., विणा मा.वि |
| १९ शुक्लाफाँटा न.पा. | १-४ | आसापुर, जोनापुर, ढकनीया, बैशाख शिविर | श्री सिद्ध बैजनाथ मा.वि.बन्साहा,श्री कालिका मा.वि.असैना |
| २० भिमदत्त नगरपालिका | ११-१३ | भुजेला, ऐरी, ओदाली, बडैपुर, पिपरैयामा नदी कटान, डुबान ४५० परिवार बिस्थापित | • श्री जनता प्रा.वि.भुजेला<br>• श्री पूर्णा उ.मा.वि.ऐरी<br>• श्री भागरथी प्रा.वि.ओदाली<br>• श्री बि.पि.प्रा.वि.<br>• श्री सिद्धनाथ मा.वि.बडैपुर |

| गा.पा./न.पा. | वडा | सम्भावित जोखिम क्षेत्रहरू | जोखिममा परेकाहरूको लागि सुरक्षित स्थानहरू (आश्रयस्थल) |
|---|---|---|---|
| | ८-१० | खल्ला, मछेटा, श्रीलका, मटेनामा<br>नदी कटान, पटान, डुबान २०० परिवार विस्थापित | • श्री सिद्धनाथ उ.मा.वि.जिमुवा |
| | २,१५,<br>१८,१९ | उल्टाखाम, निम्बुखेडा, खैरभट्टी, गोबरैया, बागफाटामा नदी कटान, डुबान | • श्री सरस्वती उ.मा.वि.उल्टाखाम<br>• श्री लक्ष्मी उ.मा.वि.बागफाटा<br>• बजारक्षेत्र<br>• श्री पञ्चकृत प्रा.वि.बागफाटा<br>• श्री लक्ष्मी मा.वि.खैरभट्टी, श्री शिवज्ञानेश्वर नि.मा.वि.भगतपुर<br>• श्री सिद्धनाथ बहुमुखि क्याम्पस<br>• श्री मदनस्मृति प्रा.वि.सालघारी |

**वर्षा मापनकर्ता हरुको सम्पर्क नम्बरहरु**

| सि.नं. | नदि/खोला | स्थान | नाम थर | सम्पर्क नम्बर | बैकल्पिक नम्बर |
|---|---|---|---|---|---|
| 1 | महाकाली | दार्चुला (दत्तु) | कृष्ण सिह नगारी | 9749524851 | |
| 2 | | डडेल्धुरा (परिगाँउ) | तारा दत्त जोशी | 9847619752 | 9841282928 |
| 3 | मछेली (दोदा) | सोत्यास (कोल्मोडा) | उदय बडैला | 9868793456 | 9811604858 |
| 4 | | बेलकुण्डी | पल्टा खुना | 9865843054 | 9805789383 |
| 5 | | मछेली पुल | शकर दत्त जोशी | 9848627174 | 9805759469 |
| 6 | | तिल्की | जय बहादुर राना | 9801378472 | 9805757878 |
| 7 | | कञ्ज | हरी किशन राना | 9806437727 | 9865945201 |
| 8 | | पुनर्वास | लाल पशाद शर्मा | 9805770351 | 9749019825 |
| 9 | | रातो ताल | लाल बहादुर बोगटी | 9810676418 | |
| 10 | | कटान | धनु देवि चौधरी | 9815697482 | 9806481181 |
| 11 | सुनबर नदि | झलारी पुल | आशिका सिंह | 9868728412 | - |
| 12 | | आन्द्रजाला | राम प्रसाद राना | 9810676965 | |
| 13 | स्यालि नदि | स्याली पुल (अर्जुनी) | गायत्री मिश्रा | 9862472267 | - |
| 14 | | दैजी | लोकेन्द्र बोहरा | 9848705022 | 9806489711 |
| 15 | | बागफाँटा | दशरथ चौधरी | 9809486826 | - |
| 16 | | बेल्डाडी | चन्द्रा शाह | 9809423189 | 9812720237 |

खोज तथा उद्धार कार्यमा उपयोग हुने हेलिप्याडको विवरण :-

| सि.न | स्थानीय तहको नाम | वडा नं | टोल/बस्तीको नाम | अवस्थिति (आक्षाश र देशान्तर |
|---|---|---|---|---|
| १ | भीमदत्त नगरपालिका | ४ | खुल्ला मञ्च | २८,९७:७८४८ - ८०,९७९३७८ |
| २ | भीमदत्त नगरपालिका | १८ | श्री २५ नं. वाहिनी अड्डा भगतपुर व्यारेक | २८,५७:३३ - ८०,१०:२५ |
| ३ | शुक्लाफाटा न.पा. | ५ | श्री देबी दल गण अर्जुनी व्यारेक | २८,९१:८४ - ८०,३५:५० |
| ४ | भीमदत्त नगरपालिका | १६ | श्री देबी दल गण मजगाँउ व्यारेक | २८,५७:०६ - ८०,०८:५५ |
| ५ | लालझाडी गा.पा. | ६ | श्री देवी दल गण ढक्का | २८,४६:२१२ - ८०,२०:५६०७ |

स्थानीय तहमा रहेको विपद् फोकल पर्सनहरुको नाम

| सि.न | स्थानीय तहको नाम | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | भीमदत्त न पा | | 9848727373 |
| २ | बेदकोट न पा | अमर सिंह महरा | 9841523557 |
| ३ | शुक्लाफाँटा न पा | कृष्ण प्रशाद भटट् | 9843521363 |
| ४ | कृष्णपुर न पा | प्रेम बोकटी | 9858750685 |
| ५ | पुनर्वास न पा | ओम नाथ ढकाल | 9848745767 |
| ६ | बेलौरी न पा | शुसिला लेखक | 9849129934 |
| ७ | दोधारा चाँदनी न पा | रघु नाथ भट्ट | 9848878497 |
| ८ | बेलडाँडी गा पा | पुरुषोत्तम जोशी | 9868724314 |
| ९ | लालझाडी गा पा | प्रभुराज जोशी | 9822703213 |